कुम्मायक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

यासोक, पाँचथर

कोशी प्रदेश, नेपाल


प.सं.२०८१।०८२

च.नं.-

मितिः२०८१।१०।१५

ने.स.-११४५

## पशुपालन कृषकहरुको आयआर्जनको लागि दुध उत्पादन, संकलन, प्रवर्द्धन तथा प्रशोधन केन्द्र संचालन (पशु विकास) कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!!

कुम्मायक गाउँपालिका वडा नं. ५ को गौरवको आयोजनाका रुपमा आ.व.२०८१।०८२ मा स्वीकृत भएको पशुपालन कृषकहरुको आयआर्जनको लागि दुध उत्पादन, संकलन, प्रवर्द्धन तथा प्रशोधन केन्द्र संचालन (पशु विकास) कार्यक्रम **"गाउँपालिकाको पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१"** बमोजिम कार्यान्यिन गर्नुपर्ने भएकोले यस पालिकाको वडा नं. ५ भित्रका इच्छुक कृषक समूहहरुले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवश्यक कागजात सहित गाउँपालिकाको पशुपन्छी सेवा शाखामा पशु विकास कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**कार्यक्रमको विवरण**

| क्र.स. | कार्यक्रमको नाम | लागत साझेदारी | कार्यक्रम कार्यान्वयन हुने क्षेत्र | लक्षित वर्ग | विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | पशुपालन कृषकहरुको आयआर्जनको लागि दुध उत्पादन, संकलन, प्रवर्द्धन तथा प्रशोधन केन्द्र संचालन (पशु विकास) कार्यक्रम | कम्तिमा ३०% लागत साझेदारी (अधिकतम ७०% अनुदान) | कुम्मायक गाउँपालिका वडा नं. ५ भित्र | कम्तिमा २ माउ गाई भैसी पालन गरिरहेका कृषकहरु सदस्य भएका कृषक समूह | रु ३० लाख |

थप जानकारीको लागि पालिकाको पशुपन्छी सेवा शाखामाः ९८४५८१२५६४ र कुम्मायक ५ को वडा कार्यालयः ९८५२०६२२१६ र ९८४४६७३४७६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**आवश्यक कागजातहरुः**

कृषक समूह दर्ताको प्रमाणपत्रको प्रतिलिपी

सम्बन्धित वडा कार्यालयको सिफारिस

स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपी

कार्यक्रम सञ्चालन गर्न तयार गरिएको लक्ष्य सहितको ३ वर्षे कार्ययोजना

समूहका सदस्यहरुको नागारिकता र जग्गा धनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपी

जग्गाको तिरो तिरेको रसिद

समूहको विधानको प्रतिलिपी र लागत साझेदारीको प्रतिवद्दता पत्र

कार्यविधीको अनुसूची २ बमोजिमको निवेदन, अनुसुची ३ बमोजिमको कृषकको विवरण, अनुसुची ४ बमोजिमको कार्ययोजना

गणेश अधिकारी

प्रमुख प्रशासकीय अधिकृत


फोन :०२४-४१३०६१

इमेलः kummayakgaupalika@gmail.com, वेवसाइटः www.kummayakmun.gov.np


"सामाजिक आर्थिक विकासको पूर्वाधार ,समृद्ध कुम्मायकको आधार"